# समाज कल्याण परिषद्
# आ.व. ०७६।०७७ को प्रथम चौमासिक अवधिमा सम्पन्न
# प्रगति विवरण
## (२०७६ श्रावण महिना देखि २०७६ कार्तिक मसान्त सम्म)

**समाज कल्याण परिषद्**
**केन्द्रिय कार्यालय**
**पुल्चोक, ललितपुर ।**

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८, टेलिफोन नं. : ०१-५५५५४४८, ०१-५५५५४९४, ०१-५५५५४९५,
इमेल : info@swc.org.np, Website: www.swc.org.np

## आ.व. ०७६।०७७ को प्रथम चौमासिक अवधिमा सम्पन्न गरिएका कार्यहरुको संक्षिप्त विवरण

नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागी समाजका कमजोर, असहाय र असक्त व्यक्तिका लागी सेवा पुऱ्याउन र पिछडिएको वर्गलाई आर्थिक एवं सामाजिक रुपमा सक्षम बनाउन तथा समाज सेवासंग सम्वन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यसंग सम्बद्ध गराई कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन, समाजसेवी तथा तत्सम्वन्धी संघसंस्थाहरुको मर्यादा र प्रतिष्ठा वढाउन र गैर सरकारी संघसंस्थाहरुको काम कारवाहीमा समन्वय गर्न समाज कल्याण ऐन २०४९ वमोजिम समाज कल्याण परिषद्को स्थापना भएको हो ।

समाज कल्याण परिषद्ले नेपालमा कार्य गर्ने सम्पूर्ण राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको आवद्धता, समन्वय, संझौता, तिनका कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन मूल्यांकन, कार्यक्रम स्वीकृति तथा राष्ट्रिय प्रतिनिधि एवं कार्यक्रम विशेषज्ञहरुको प्रवेशाज्ञा सिफारिस लगायत विवध सेवा सुविधाहरु उपलव्ध गराउदै आएको छ । नेपाल सरकारवाट प्राप्त हुने अनुदान र परिषदको आन्तरीक श्रोतहरुलाई अधिकतम परिचालन गरी लक्षित उद्धेश्य परिपूर्ति गर्ने प्रयास भईरहेको छ । यस अवधिमा सम्पादित कार्यहरु देहाय वमोजिम उल्लेख गरिएको छ ।

**परिषदवाट यस अवधिमा सम्पादित कार्यहरु :**

**क) नियमित कार्यहरु :**

| क्र.सं | क्रियाकलाप | प्रथम चौमासिक लक्ष्य | प्रथम चौमासिक प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | क) संघ संस्था आवद्धता | लक्ष किटान नभएको | ५१२ वटा संस्था | | |
| | ख) प्रतिलिपि प्रमाण पत्र प्रदान | ,, | ३३ वटा संस्था | | |
| | ग) नाम संशोधन | ,, | १२ वटा संस्था | | |
| | घ) आवद्धता नविकरण | ,, | ६९६ वटा संस्था | | |
| २ | क) गैससहरुको कार्यक्रम स्वीकृति (वैदेशिक सहयोग) | करिब ३०० वटा संस्था द्धारा संचालन हुने करिब ३६० वटा परियोजनारकार्यक्रमको आन्तरिक र वैदेशिक सहयोग गरी जम्मा रकम रु ५ अर्ब ६८ करोड अनुमानित बजेट रकम स्वीकृत गर्ने लक्ष्य रहेको छ । | २९५ वटा संस्थाको ३४१वटा कार्यक्रमको रु.८,५३,८०,१७,३१४।१६ (आठ अर्व त्रिपन्न करोड असी लाख सत्र हजार तिन सय चौध रुपैया सोह्र पैसा मात्र) रकम बराबरको परियोजना स्वीकृत गरीएको छ । | १४५.६९ % (प्रगति कुल स्वीकृति रकममा हासिल भएको) | |
| | ख) खर्च रकम अनुमोदन | १७ वटा संस्थावाट खर्च भएको रु १ अर्व रकम अनुमोदन गर्ने । | १३ वटा संस्थाको १३ वटा कार्यक्रमको रु. १,०३,८७,९९,४५९।६९ ( एक अर्व तिन करोड सतासी लाख उनान्सय हजार चार सय उन्साठी रुपैया उन्सत्तरी पैसा | | पूर्व स्वीकृती दोस्रो पटक समेत अनुमोदनमा आउने ३ वटा गै.स.सं. लाई नियमानुसार जरिवाना तिराईको । यसरी परिषद्को स्वीकृति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मात्र) रकमको परियोजना अनुमोदन कार्यवाहिमा राखिएको । | | नलिई कार्यक्रम संचालन गर्ने कार्यलाई क्रमशः निरुत्साहि गर्दै लगिएको छ । |
| | ग) कोष तथा संघसंस्था अनुदान नियमित अनुदान | ३ वटा कोषलाई रु ४,००,०००।- दरले अनुदान रकम उपलब्ध गराउने । | लक्ष्य अनुरुप ३ वटै कोषलाई रकम उपलब्ध गराएको | १००% | |
| ३ | अगैससंग साधारण संझौता | १२ | ५ वटा अगैससंग साधारण सम्झौता सम्पन्न (नविकरण नयाँ | ४१.६७% | (५ वटा संस्थाले बार्षिक प्रतिवद्धता गरिएको न्यूनतम रकम यू. एस. डलर १० लाख रहेको छ । |
| ४ | अगैससको परियोजना एप्राईजल (राय सहमतिको निम्ति म.वा. तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाइएको) | २० वटा अगैसस | १७ वटा परियोजना (अगैससको परियोजना संझौता र परियोजना संझौतामा संशोधन समेत) | ८५ % | अगैससको परियोजना राय सहमतिको निम्ति म.वा. तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाइएको । |
| ५ | अगैससंग परियोजना सम्झौता | २० वटा अगैसस | १० वटा अगैससंग परियोजना सम्झौता सम्पन्न भएको | ५०% | उल्लेखित १० वटा अगैससले सामाजिक क्षेत्रमा खर्च गरिने कूल वजेट रु १,५०,८३,१८,८९०।६८ रहेको छ) |
| | परियोजना संशोधन | १५ वटा | ५ वटा | ३३% | |
| ६ | सेवा सहमति एवं औपचारीक, गैरपर्यटकिय प्रवेशाज्ञा सिफारिस (विदेशी विशेषज्ञ, स्वयंसेवक), अन अराइभल प्रवेशाज्ञा | आवश्यकता अनुसार | जम्मा ११५ जना लाई सिफारिस गरिएको । | १२९ | - कार्य सहमति एवं गैरपर्यटकीय प्रवेशाज्ञा जम्मा ४६ जना र नीजका ५६ जना परिवार<br>- सेवा सहमति एवं औपचारिक प्रवेशाज्ञा ३ जना, र स्वयंशेवकलाई औपचारीक भिषा ८ जनालाई सिफारिस गरिएको |
| ७ | भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट सिफारिस (NGO / INGO) | आवश्यकताअनुसार | ४ वटा संघसंस्था | | भन्सार महशुल एवं मूल्य अभिवृद्धि कर छुटको लागि ४ वटा संस्थालाई सिफारिस गरिएको । |
| ८ | १) वुलेटिन प्रकाशन | १ वटा | १ वटा | १०० % | |
| | २) विभिन्न शाखा विभागमा पत्रपत्रिका वितरण | | नियमित भैरहेको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | अनुगमन एवम् मूल्याङ्कन गैसस तर्फ (NGO) | ३०० वटा परियोजना | ६१ वटा संस्थाको ६२ वटा परियोजना | ६२ % परियोजनाको आधारमा | |
| | अनुगमन मूल्यांकनको प्रकृयामा रहेका गैसस | | ७५ वटा संघसंस्था | | |
| | अगैसस तर्फ (मध्यावधि र अन्तिम) (INGO) | ३३ वटा परियोजना | २३ वटा परियोजना | ६९.६ % | १५ वटा अन्तिम र ८ वटा मध्यावधि मूल्याङ्कनको लागि टोली गठन भएको |
| १० | छानविन / निरिक्षण | ६ वटा | ३ वटा गै.स.स र ३ वटा अ.गै.स.सं को छानविन गर्न टोली गठन भएको | १०० % | यस अवधिमा प्राप्त भएका अन्य उजुरीको सम्वन्धमा छानविनको प्रकृया भैरहको । |
| | संघसंस्थाको उजुरी छानविन सम्वन्धी जवाफ, जानकारी तथा राय / प्रतिक्रिया र प्रतिवेदन श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत विभिन्न निकायमा पठाईएको । | | विभिन्न संस्थाहरुको | | |

## ख) प्रशासन तर्फ :

| क.सं. | क्रियाकलाप | वार्षिक/चौमासिक लक्ष्य | वार्षिक/चौमासिक प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | र्यालय पोशाक । | सबै कर्मचारीलाई पोशाक उपलब्ध गराउने । | नियमानुसार सबै कर्मचारीहरुलाई पोशाक भत्ता उपलब्ध गराईएको । | शत प्रतिशत | |
| २ | स्वेच्छिक अवकास । | आवश्यक प्रक्रिया पुऱ्याई ५ जना कर्मचारीहरुको स्वेच्छिक अवकाशको प्रकृया बढाउने । | आवश्यक प्रक्रिया पुऱ्याई ५ जना कर्मचारीहरुको स्वेच्छिक अवकाश स्वीकृत गरिएको । | शत प्रतिशत | |
| ३ | मर्मत सम्भार कार्य | आवश्यकता अनुसार मर्मत कार्य गर्ने । | आवश्यकता अनुसार मर्मत कार्य सम्पन्न गरिएको | शत प्रतिशत | |
| ४ | सवारी साधन मर्मत सम्भार । | गाडीहरु स्वीकृत बजेटको परिधिभित्र रही निमयमानुसार मर्मत गर्ने । | गाडीहरु स्वीकृत बजेटको परिधिभित्र रही निमयमानुसार मर्मत गर्ने कार्य नियमित रुपमा भइरहेको । | शत प्रतिशत | |
| ५ | पत्रपत्रिका वितरण गर्ने । | विभागको माग अनुसार पत्रपत्रिका बितरण गर्ने । | सबै विभागमा नियमानुसार पत्रपत्रिका बितरण गरिएको । | शत प्रतिशत | |
| ६ | सवारी कर । | सवारी साधनको व्लुवुक नवीरण, कर तिर्ने र विमा गर्ने । | परिषद्मा चालू अवस्थामा रहेका सवारी साधनको व्लुवुक नवीकरण र विमा गरिएको । | शत प्रतिशत | |
| ७ | सामाग्री खरिद खर्च भएर जाने (नखप्ने सामान) । | आवश्यक प्रकृया पुऱ्याई स्टेशनरी, छपाईका सामाग्रीहरु खरिद गर्ने | आवश्यक प्रकृया पुऱ्याई कार्यालय सामाग्रीहरु खरिद गरिएको | शत प्रतिशत | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | कम्प्यूटर/फोटोकपी मेशिन /प्रिन्टर लगायतका मर्मत । | परिषदमा रहेका कम्प्यूटर, प्रिन्टर र फोटोकपी मेशिन मर्मत गर्ने । | परिषदमा रहेका कम्प्यूटर, प्रिन्टर र फोटोकपी मेशिन मर्मत गर्ने कार्य नियमित भई रहेको । | शत प्रतिशत | |
| ९ | ऐन, नियम, विनियम | कर्मचारी सेवाशर्त नियमावलीको संशोधनको लागि समिति गठन गर्ने । | कर्मचारी सेवाशर्त नियमावली संशोधनको लागि वोर्ड बैठकबाट समिति गठन गरी संशोधन सम्बन्धी कार्यहरु भईरहेको । | ५० प्रतिशत | |
| १० | वेवसाइट | वेवसाइट पुनः Hosting र Updating गर्ने | वेवसाइट पुनः Hosting र Updating गर्ने गरिएको । | शत प्रतिशत | |
| ११ | इन्धन । | आवश्यक प्रक्रिया पुऱ्याई कोटा लगबुक, माग फाराम तथा स्वीकृत स्लिप अनुसार इन्धन वितरण गर्ने । | नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई कोटा लगबुक, माग फाराम तथा स्वीकृत स्लिप अनुसार उपलब्ध गराइएको । | शत प्रतिशत | |
| १२ | सामाजिक सेवा दिवस । | ४० औं सामाजिक सेवा दिवसको लागि आवश्यक व्यवस्थापन गर्ने । | ४० औं सामाजिक सेवा दिवसको लागि आवश्यक व्यवस्थापन गरी भव्यताका साथ मनाईएको । | शत प्रतिशत | |
| १३ | स. क. प. को वार्षिक प्रगति प्रतिवेदन र सामाजिक विकास विशेषांक छपाई । | आवश्यक प्रक्रिया पुऱ्याई स. क. प. को वार्षिक प्रगति प्रतिवेदन र सामाजिक विकास विशेषांक छपाई गर्ने । | आवश्यक प्रक्रिया पुऱ्याएर स. क. प. को वार्षिक प्रगति प्रतिवेदन र सामाजिक विकास विशेषांक छपाई गरी वितरण गरिएको । | शत प्रतिशत | |
| १४ | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिद सम्बन्धी । | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिदको लागि प्रकृया पुऱ्याई दरभाउ आवहान गर्ने । | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिदको लागि प्रकृया पुऱ्याई दरभाउ आवहान गरी नियमानुसार फर्म छनौट भई आवश्यक सामानहरु खरिद गरिएको । | शत प्रतिशत | |
| १५ | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य दरभाउपत्र माग | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य आवश्यक प्रकृया पुऱ्याई दरभाउपत्र माग गर्ने । | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य आवश्यक प्रकृया पुऱ्याई दरभाउपत्र माग गरी नियमानुसार कम्पनी छनौट भई निर्माण कार्य भईरहेको । | ५० प्रतिशत | |
| १६ | सफ्टवेयर | जिन्सी र लेखाको लागि सफ्टवेयर जडान गर्ने | जिन्सी/लेखा सफ्टवेयर सम्झौता भई कार्य भईरहेको । | शत प्रतिशत | |
| १७ | प्रदर्शनी हल मर्मत | प्रदर्शनी हलको मर्मतको लागि प्राविधिक सम्झौता गर्ने । | प्रदर्शनी हलको मर्मतको लागि प्राविधिक सम्झौता भई उक्त प्राविधिक कम्पनीबाट हल मर्मत प्रतिवेदन प्राप्त भएको । | शत प्रतिशत | |
| १८ | खुला बजार व्यवस्थापन | खुला बजार क्षेत्रलाई व्यवस्थित गर्न स्टल निर्माण सम्बन्धमा प्राविधिक कन्सल्टेन्सी सेवाका लागत अनुमान माग गर्ने । | खुला बजार क्षेत्रलाई व्यवस्थित गर्न स्टल निर्माण सम्बन्धमा लागत आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी प्रकृयामा रहेको । | ५० प्रतिशत | |

**अन्य प्रशासनिक कार्यहरु :**

१) परिषद् बोर्ड, कार्य सञ्चालन समिति र परिषद् आर्थिक प्रशासन उपसमितिको बैठकबाट भएका विभिन्न निर्णयहरु कार्यान्वयन गरिएको ।

२) परिषद्को कर्मचारी सेवाशर्त नियमावली २०५० र आर्थिक प्रशासन नियमावलीको समसामयिक संशोधन/परिमार्जन गर्ने प्रयोजनार्थ संशोधन सुझाब तयार गरी पेश गर्न अलग-अलग मस्यौदा समिति गठन गरिएको ।

३) परिषद्को कर्मचारीहरुलाई स्वेच्छिक अवकाशको अवसर प्रदान गर्ने प्रयोजनार्थ उनीहरुलाई उपलब्ध गराउने सुविधा अवधी एवम् कार्यविधि तयार गरी एक महिनाभित्र सुझाब पेश गर्न समिति गठन गरिएको ।

४) भृकुटीमण्डप स्थित फनपार्क मेला सञ्चालकले उक्त फनपार्क क्षेत्र खाली गरी यथास्थानमा बरबुझारथ गर्नु भन्ने पत्र बुझ्न अस्वीकार गरेकोले उक्त पत्र सात दिन भित्र बुझिलिन गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरिएको ।

५) श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट गठित छानविन समितिले पेश गरेको छानविन प्रतिवेदन सहित उक्त प्रतिवेदनको सुझाब खण्डमा उल्लेखित सुझाबहरु कार्यान्वयनको लागि लेखी आएकोमा सुझाब कार्यान्वयनको लागि परिषद्बाट निर्णय गरी कार्यान्वयनको बुँदाहरु परिषद्का योजना तथा कार्यक्रम विभाग र अनुगमन/मूल्यांकन विभाग पठाई सो को जानकारी श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाइएको ।

६) परिषद् मातहतका कार्यालय, कोषमा कार्यरत पदाधिकारी/कर्मचारीहरुको आ. व. २०७५।०७६ को सम्पत्ति विवरण तालुक मन्त्रालय श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाईएको ।

७) परिषद्को इच्छुमति तरकारी बजार सञ्चालन सम्बन्धमा हरित कृषि सहकारी संस्था लि. संग भएको करार (सम्झौता) भंग भई उक्त बजार परिषद् स्वयंले अल्पकालीन व्यवस्थापन गर्ने निर्णय भएकोले उक्त बजारको सुरक्षा र सवारी प्रवेशको टिकट काट्ने प्रयोजनको लागि ३ जना श्रेणी विहिन तहका जनशक्ति मासिक ज्यालादारीमा नियुक्ति गरिएको ।

८) सामान्य प्रशासन विभागको आ. व. २०७६।०७७ को बजेट तथा कार्यक्रमको खाका तयार गरी मिति २०७६।४।२० गतेको आन्तरिक स्मरण पत्र मार्फत आर्थिक प्रशासन विभागमा पठाइएको ।

९) परिषद्का पूर्व सदस्य श्री इन्द्र कुमार झाको सम्पत्ति विवरण र आ. व. २०४७४।०७५ को जरिवाना वापत रु. ५०००।- बुझाएको सक्कल बैंक दाखिला भौचर श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा मिति २०७६।४।१९ को पत्रबाट पठाइएको ।

१०) अन्तराष्ट्रिय शाखाको सफ्टवेयर निर्माण सम्बन्धी श्री थ्रि हम्मर्स प्रा. लि. लाई सम्झौता गर्न आउन ७ दिने पत्र पठाइएको ।

११) परिषद् कार्यालयको लागि आ. व. २०७६।०७७ को लागि आवश्यक पर्ने सामाग्रीहरुको गोप्य शिलबन्दी दरभाउपत्र माग गर्ने सम्बन्धी फाईल पेश गरिएको ।

१२) बुढानिलकण्ठ स्थित पुरानो भवनमा रहेको ग्राहक नं. ३४४-२२-२४ को बाँकी बक्यौता रु.४९६७३।७० भुक्तनी गर्न र हाल स. क. प. को नाममा रहेको उक्त मिटर हटाउन लेखी पठाउने सम्बन्धी स्वीकृतिको लागि निर्णयार्थ फाईल पेश गरिएको ।

१३) खुला बजारको हकमा कन्सल्टेन्सीबाट कोटेशन माग गरी आर्थिक तथा प्राविधिक प्रस्ताव प्राप्त भएको ।

१४) टुकुचा तरकारी बजार र खसी बजारमा खोला तर्फको पर्खाल निर्माणको लागि बोलपत्रको सूचना प्रकाशन गरिएको ।

१५) समाज कल्याण परिषद्को अनुगमन मूल्याङकन विज्ञको आशयपत्र पेश गर्ने सम्बन्धी मिति २०७६।०४।१६ मा प्रकाशित सूचनाको म्याद पुनः मिति २०७६।०५।१३ सम्म थप गरी सूचना प्रकाशन गरिएको ।

१६) परिषद्को लागि एक जना प्राविधिक (ईन्जीनियर) करार सेवामा नियुक्ति गरिएको ।

१७)	गोरखापत्रमा प्रकाशित १५ दिने सूचना पश्चात मिति २०७६।५।६ मा टुकुचा तरकारी बजार र खसी बजारको खोला साईडको पर्खाल निर्माणको लागि टेण्डर खोलिएको ।

१८)	संविधान दिवसलाई मनाउन सैनिक मञ्चमा सहभागी भएको ।

१९)	सम्पति सुद्धिकरण निवारण सम्बन्धी राष्ट्रिय समन्वय समितिको उप-समितिको सदस्य पदमा उप-निर्देशक श्री रामराज भट्टराईलाई सदस्य मनोनयन गरी पठाइएको ।

२०)	विभिन्न समिति/उपसमिति गठन गरी सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुनज्यूको प्रमुख आतिथ्यमा ४० औं सामाजिक सेवा दिवस कार्यक्रम सम्पन्न गरिएको । साथै प्रदेश स्तरमा पनि सामाजिक सेवा दिवश मनाइएको । विभिन्न संघ संस्था ता समाजसेविहरुलाई पुरस्कार वितरण गरिएको । साथै ४० औं सामाजिक सेवा दिवसको उपलक्ष्यमा आ. व. २०७५/०७६ को आठ सय प्रति वार्षिक प्रतिवेदन र एक हजार प्रति सामाजिक विकास विशेषांक छपाई गरी वितरण गरिएको ।

२१)	विभिन्न पदमा कार्यरत ७ जना कर्मचारीहरु आ-आफ्नो पदबाट दिईएको स्वेच्छिक तथा अनिवार्य अवकाशको राजीनामा स्वीकृत गरिएको ।

२२)	मालिका गाउँपालिका वडा नं. ५ गुल्मी निवासी गगनशिला खड्कालाई मा. अध्यक्षज्यूको सचिवालय समेत व्यवस्थापन गर्ने गरी परिषद् बोर्डको निर्णय बमोजिम ३ महिनाको लागि करारमा नियुक्ति गरिएको ।

२३)	भृकुटीमण्डप खसी बजार र इच्छुमती तरकारी बजारको पर्खाल निर्माणको लागि डि. वि. एण्ड कन्स्ट्रक्सन कम्पनी संग सम्झौता गरिएको ।

२४)	राष्ट्रिय अन्तर्राष्ट्रिय गैससहरुको परियोजना अनुगमन/मूल्यांकन समिति गठन र अन्तर्राष्ट्रिय गैससको सम्झौता तथा एप्राईजल सम्बन्धी कार्यको अध्ययन सिफारिस गर्ने प्रयोजनार्थ राष्ट्रिय योजना आयोगका सदस्य माननीय मिन बहादुर शाहीको अध्यक्षतामा उपसमिति गठन गरिएको ।

२५)	परिषद्मा आवद्ध संघसंस्थाहरुको स्वीकृतिको निम्ति पेश हुने वैदेशिक सहायतामा सञ्चालन हुने परियोजाहरुको अनुमोदन सिफारिस गर्ने प्रयोजनार्थ परिषद्का सदस्य श्री सिद्धिनारायण महर्जनको संयोजकत्वमा उपसमिति गठन गरिएको ।

२६)	परिषद्को भोकाधिकारमा रहेको भृकुटीमण्डप क्षेत्रको मर्मत, सुधार र व्यवस्थापनको लागि आवश्यक पर्ने अल्पकालीन र दीर्घकालीन योजना सहित उक्त क्षेत्रलाई सुन्दर रमणीय र व्यावसायिक स्थलको रुपमा विकास गर्न एक महिनाभित्र गुरुयोजनाको प्रारुप तयार गरी पेश गर्न कार्य सञ्चालन समितिको निर्णयानुसार परिषद्का सदस्य श्री सिद्धिनारायण महर्जनको संयोजकत्वमा समिति गठन गरिएको ।

२७)	भृकुटीमण्डप स्थित फनपार्क संचालित क्षेत्र बाल उद्यान संचालित औचित्यपूर्ण भाडादर निर्धारणको लागि सुझाव/सिफारिस गर्न परिषद् बोर्डको निर्णय २०७६।७८ को निर्णयानुसार परिषद्का सदस्य श्री सिद्धिनारायण महर्जनको संयोजकत्वमा संवाद सुझाव समिति गठन गरिएको ।

२८)	परिषद् मातहतका कोषहरुमा हाल भैरहेका काम कारवाहीका सम्बन्धमा कार्य सञ्चालन समितिको २०७४।६।२४ को निर्णयानुसार स्वीकृत कोष स्थापना र सञ्चालन (कार्य व्यवस्थापन) नियमावली २०५५ को (छैठौं संशोधन-२०७४) कार्यान्वयन गर्न सबै कोषहरुलाई निर्देशन दिई पत्राचार गरिएको ।

२९) परिषद् बोर्डको मिति २०७६।७८ को निर्णयानुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री एवं परिषद्का अध्यक्ष थममाया थापाज्यूको अध्यक्षमा ५ सदस्यीय कार्य सञ्चालन समिति गठन गरिएको ।

३०) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैससहरुको परियोजना अनुगमन/मूल्यांकन समिति गठन र अन्तर्राष्ट्रिय गैससको सम्झौता तथा एप्राईजल सम्बन्धी कार्यको अध्ययन सिफारिस गर्ने प्रयोजनार्थ राष्ट्रिय योजना आयोगका सदस्य माननीय मिन बहादुर शाहीको अध्यक्षतामा उपसमिति गठन गरिएको ।

३१) भृकुटीमण्डप स्थित फनपार्क संचालित क्षेत्र बाल उद्यान संचालित क्षेत्र लगायत अस्थायी/स्थायी संरचनाहरुको समसामयिक भाडादर निर्धारणको लागि सुझाव/सिफारिस गर्न परिषद् बोर्डको निर्णय २०७६।७८ को निर्णयानुसार परिषद्का सदस्य श्री सिद्धिनारायण महर्जनको संयोजकत्वमा सुझाव समिति गठन गरिएको ।

३२) परिषद् मातहतका कोषहरुमा हाल भैरहेको काम कारवाहीका सम्बन्धमा कार्य सञ्चालन समितिको २०७४।६।२४ को निर्णयानुसार स्वीकृत कोष स्थापना र सञ्चालन (कार्य व्यवस्थापन) नियमावली २०५५ को (छैठौं संशोधन-२०७४) कार्यान्वयन गर्न सबै कोषहरुलाई निर्देशन दिई पत्राचार गरिएको ।

३३) कोष स्थापना र सञ्चालन (कार्यव्यवस्थापन) नियमावली २०५० को छैठौ संशोधन २०७४ सहितको नियम १६ (२) मा व्यवस्था भए अनुसार कोषहरुको बैंक खाता संचालन गर्न तीन वटै कोषहरुमा एक/एक जना प्रतिनिधि तोकी पठाइएको ।

३४) राष्ट्रिय अपांग कोषबाट अपांग सहायक सामग्री निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ सोझै बजारबाट खरिद गर्न अनुमति माग भई आएको विषयमा परिषद्का प्रतिनिधि समेत राखी खरिद प्रक्रिया गर्न सो कोषलाई लेखी पठाईएको ।

३५) परिषद्का कानूनी सल्लाहकार द्वय निशा बाँनिया र नरेन्द्रप्रकाश खनालको करारनामा पुनः ६ (छ) महिनाको लागि म्याद थप गरिएको ।

३६) परिषद्संग सम्बन्धित मुद्दाहरुको श्री सर्वोच्च अदालत, श्री काठमाण्डौ जिल्ला अदालत र श्री पाटन उच्च अदालतमा नियमित रुपमा कामकारवाही भईरहेको ।

३७) आ. व. २०७६/०७७ को लागि आवश्यक पर्ने स्टेशनरी, छपाई, कम्प्युटर तथा ईलेक्ट्रोनिक लगायतका सामग्रीहरु खरिद सम्बन्धी सम्झौता गरिएको ।

३८) सर्भिङ फेन्डस इन्टरनेशनल संस्थाबाट ३ सेट कम्प्युटर, १ थान मोटर साईकल र टि. डि. एच. संस्थाबाट १ थान मोटर साईकल प्राप्त गरी जिन्सी दाखिला गरी प्राप्त मोटर साईकल परिषद्को नाममा नामसारी गरिएको ।

## ग) भृकुटीमण्डप कार्यालय तर्फ :

यस कार्यालयको प्रशासनिक तथा दैनिक नियमित कार्यहरु गर्नुका साथै कार्यालयमा प्राप्त हुने भाडा रकमहरु दैनिक रुपमा बैंक दाखिला गर्ने, लेजर पोष्टिङ्ग गर्ने, बगैंचाको प्रवेश टिकट विक्री गर्ने, प्रदर्शनी हल र चौर भाडामा दिने, दैनिक सरसफाई लगायतका कार्यहरु नियमित रुपमा गरिएको छ ।

घ) **कोषहरुबाट सम्पदित कार्यहरु** :

**१) उपकार कोष :**

परिषद् मातहातको उपकार कोषको मूलधनको आर्जित व्याजवाट नियमित रुपमा संचालित असहाय, अशक्त, विरामी भएकालाई आर्थिक सहयोग साथै राष्ट्रिय अपांग कोष, स्वास्थ्य कोषद्वारा संचालित कार्यक्रमहरुमा नियमित सहयोग गर्दै आएको छ । यस अवधिमा राष्ट्रिय स्वास्थ्य कोष, राष्ट्रिय अपांग कोष, जेष्ठ नागरिक कोष भृकुटीमण्डपको पहिलो किस्ता निकासा उपलब्ध गराईएको ।

**२) राष्ट्रिय ज्येष्ठ नागरिक कोष :**

यस अवधिमा यस कोषले २७ जना ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारमा ३० देखि ५० प्रतिशत छुट सिफारिस गरिएको र अन्य प्रसासनिक कार्यहरु नियमित रुपमा भैरहेको ।

## वित्तिय प्रगति :

**२०७६।०७७ को प्रथम चौमासिक अवधिको यथार्थ आम्दानी खर्च विवरण**

आय तर्फः

| क. स. | कार्यक्रम तथा बजेट विवरण | बार्षिक अनुमानित बजेट | पहिलो चौमासिक अवधि सम्मको अनुमानित बजेट | पहिलो चौमासिक अवधि सम्मको प्रगति | प्रगति प्रतिशत (□) |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकारको अनुदान | ५,०००,०००।०० | १,६६६,६६६।६७ | ( | ( |
| २ | परिषदको आन्तरीक आम्दानी | २०,७००,०००।०० | ६,९००,०००।०० | २,७१६,७०५।०० | ३९।३७ |
| ३ | भृकुटिमण्डप आम्दानी | १२८,२००,०००।०० | ४२,७३३,३३३।३३ | २४,८२५,३३९।३८ | ५८।०९ |
| ४ | सस्थागत विकास सेवा शुल्क | २०,०००,०००।०० | ६,६६६,६६६।६७ | १०,०००,०००।०० | १५०।०० |
| ५ | उपकारकोषबाट कार्यसंचालनमा | १०,०००,०००।०० | ३,३३३,३३३।३३ | | |
| | जम्मा रू. | **१८३,९००,०००।००** | **६१,३००,०००।००** | **३७,५४२,०४४।३८** | **६१।२४** |
| ५ | साझा कोष (बैंक व्याज समेत) | ११,१००,०००।०० | ३,७००,०००।०० | २,९६७,०६५।६५ | ८०।१९ |
| ६ | उपकारकोष | ३,०००,०००।०० | १,०००,०००।०० | १,८३२,५००।०० | १८३।२५ |
| | जम्मा | **१९८,०००,०००।०० ०** | **६६,०००,०००।००** | **४२,३४१,६१०।०३** | **६४।१५** |

व्यय तर्फ :

| क्र. सं. | कृयाकलाप | विनियोजित बजेट रू | प्रथम चौमासिक लक्ष | चौमासिक प्रगति | चौमासिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कुल प्रशासनिक बजेट | ११२,०००,०००।०० | ३७,३३३,३३३।३३ | ४४,०८२,०५०।७० | ११८।०८ |
| २ | कार्यक्रम बजेट | ७१,९००,०००।०० | २३,९६६,६६६।६७ | ५,८१८,३५५।४० | २४।२८ |
| ३ | **जम्मा** | **१८३,९००,०००।००** | **६१,३००,०००।००** | **४९,९००,४०६।१०** | **८१।४०** |
| ४ | उपकार कोष | ३,०००,०००।०० | १,०००,०००।०० | १,०५०,०००।०० | १०५।०० |
| ५ | साझा कोष | ११,१००,०००।०० | ३,७००,०००।०० | | ( |
| | **चौमासिक कूल खर्च** | **१९८,०००,०००।००** | **६६,०००,०००।००** | **५०,९५०,४०६।१०** | **७७।२०** |

| | |
|---|---|
| **बाह्य अनुगमन मूल्यांकन आम्दानी** | २०,६८९,५४५।०० |
| **बाह्य अनुगमन मूल्यांकन खर्च** | २७,४७४,४५०।०० |
| **संस्थागत सेवा शूल्क आम्दानी** | २,३३५,३२८।२५ |

**स्पष्टीकरण**

* नेपाल सरकारको अनुदान निकासाको प्रकृयामा रहेको
  प्रशासनिक बजेट बढी खर्च हुनमा औषधीउपचार, उपदान, पोशाक शीर्षकमा पहिलो
* चौमासिकमै वार्षिक बजेट खर्च भएको
  अनुगमन मूल्यांकनको आम्दानी भन्दा खर्च बढी हुनुमा गत वर्षको भुक्तानी गर्न बाकी रकम
* भुक्तानी भएको
  कूल चौमासक बजेटको ६७.५७ प्रतिशत आम्दानी र ७७.२० प्रतिशत खर्च भएको । आय
* भन्दा व्यय बढी खर्च भएको रकम आन्तरिक श्रोतबाट व्यहोरिएको

**<u>समस्या/ चुनौति</u> :**

सामाजिक क्षेत्रका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी बनाई यस क्षेत्रमा संलग्न संघ संस्थाहरुलाई जिम्मेवार जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउने सन्दर्भमा देहाय बमोजिमका समस्या र चुनौतिहरु देखापरेका छन् ।

- नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे वमोजिम संघसंस्थाको कामलाई व्यवस्थित गर्न समाज कल्याण परिषद्को वर्तमान संरचनालाई प्रादेशिक तहमा विस्तार गर्ने गरि समाज कल्याण ऐन २०४९ संशोधन गर्न आवश्यक रहेको ।

- गैरसरकारी क्षेत्रलाई व्यवस्थित, प्रभावकारी पारदर्शि, जिम्मेवार एवम् जवाफदेही वनाउन नेपालको मूल कानून संविधानको भावना अनुसार संघसंस्थाको दर्ता, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनको लागि एकद्वार नीति लागू हुनेगरी विद्यमान समाज कल्याण ऐन, नियमको संशोधन / नयाँ ऐन तर्जुमा गरी लागू गर्न चुनौतीपूर्ण रहेको ।
- परिषदको स्वामित्व र भोगचलनमा रहेका जग्गा जमीनहरूलाई अधिकतम् आयआर्जन हुनेगरी व्यवस्थापन गर्ने चुनौती हुनु ।
- सरकारका विभिन्न मन्त्रालयहरुसंग एकद्धार नीति विपरित अर्न्तराष्टिय गैरसरकारी संस्थाको सम्झौता हुनु ।
- श्रोत साधनको अभावले परिषद्संग आवद्ध संघसंस्थाहरुको अनुगमन मूल्यांकन गर्न कठीनाई हुनु ।
- नेपाल सरकारवाट परिषद्लाई प्राप्त हुने वजेट ज्यादै न्यून परिषद्  संचालनमा चुनौति हुनु ।
- सामाजिक संघसंस्थाहरुको वढ्दो उजुरीले परिषद्को स्रोत साधनले मात्र छानविन गर्न कठीनाई हुनु ।
- संघसंस्थाहरुलाई नियम विपरित कार्य गरेमा के कस्तो दण्ड र सजाय गर्ने प्रावधान नहुनु, प्रचलित कानून र विधान विपरित काम गर्ने संस्थाको कार्यसमितिलाई निलम्वन वा विघटन गर्ने सिफारिस सम्म गर्ने प्रावधान हुनु, संघसंस्थाको परिषद्संगको आवद्धता ऐच्छिक हुनुका कारण संघसंस्थाको सूचना तथ्यांक पूर्ण रुपमा अद्यावधि गर्न नसकिएको ।
- पुराना सवारी साधनहरूलाई लिलाम विक्री गर्न, परिषद्को नाममा नामसारी गर्न, ठूलो रकम भन्सार कर लाग्ने भएकोले यसको निकास आउन सकेको छैन ।